***Article History:*** *Received date: 10 December, 2024; Accepted date: 15 March, 2025*

# षडानन्द नगरपालिकामा बौद्ध गुम्बाहरूको वर्तमान अवस्था

**नगेन्द्र बस्नेत**
श्री षडानन्द बहुमुखी क्याम्पस

**लेखक नोट**
लेखकको Orcid ID: 0009-0000-3578-9150, रहेको छ। उहाँ षडानन्द बहुमुखी क्याम्पमा क्याम्पस प्रमुखको रूपमा कार्यरत हुनुहुन्छ। Email: nagendradingla@gmail.com.

**लेखसार**

गुम्बा तिब्बती भाषाको गोन्पा शब्दबाट नेपाली भाषामा आएको हो । गुम्बा शब्दले बौद्ध धार्मिक, पवित्र स्थललाई जनाउँछ । यस नगरपालिका क्षेत्रमा रहेका गुम्बाहरूको अवस्थाको अभिलेखीकरण तथा वर्तमान अवस्थाको अध्ययन अनुसन्धान ज्यादै न्युन रहेको देखिन्छ । यस लेखमा षडानन्द नगरपालिका क्षेत्रमा रहेका बौद्ध गुम्बाहरूको वर्तमान अवस्था पहिचान गर्ने उद्देश्य राखीएको छ । लेख तयार गर्नका लागि स्थलगत सर्वेक्षण विधि अपनाइएको थियो । बौद्ध गुम्बाको विवरण सम्बन्धी तथ्याङ्क संकलनका लागि गुम्बाहरूको विवरण समेटिएको खुल्लाबन्द प्रश्नावली तयार गरी स्थलगत गुम्बा भ्रमण गरी प्रश्नावलीहरूको उत्तर सम्वन्धित गुम्बाका पदाधिकारीहरूबाट लिइएको थियो । प्राप्त तथ्याङ्कहरूको तालिकीकरण प्रस्तुतीकरण गर्नका लागि माइक्रोसफ्ट एक्सेल प्रयोग गरियो । षडानन्द नगरपालिकामा रहेका सबै गुम्बाहरूको आफ्नै भवन जग्गा रहेको, सबै गुम्बाहरू निङ्मा सम्प्रदायका रहेका, तीन ओटा गुम्बामा अनौपचारीक बौद्ध शिक्षा पठन पाठन गरिदै आएको, गुम्बाहरूले धार्मिक सांस्कृतिक कार्यहरू गर्दै आएका, खानेपानी शौचालय, फर्निचरको अभाव रहेको, भोट भाषामा लेखिएका ग्रन्थहरू गुम्बामा रहेको र गुम्बा व्यवस्थापन समितिमा महिला सहभगिता ७ देखि ४५ प्रतिशतसम्म रहेको पाइयो ।

*शब्दकुञ्जी:* गुम्बा, गोन्पा, बौद्ध शिक्षालय, षडानन्द नगरपालिकाका गुम्बाहरू

## परिचय

बौद्ध शिक्षा बौद्ध गुम्बाहरूमा प्रदान गरिन्छ । गुम्बाको पर्यायबाची शव्दको रुममा गोन्पा, विहार,आनन्द कुटी, गन्धकुटी रहेका छन् । गुम्बा शब्द तिब्बती भाषाको गोन्पा शब्दबाट आएको हो । जसको अर्थ अरण्य वा सुनसान स्थान हो । “बौद्ध संस्कृति अनुसार गोन्पा, विहार शैक्षिक, धार्मिक र सांस्कृतिक केन्द्रको हिसाबले धेरै महत्त्व रहेको छ । नेपालमा औपचारिक शिक्षा लागु हुनु पूर्व बौद्ध धर्मवलम्वीहरूको सम्पूर्ण शिक्षा दीक्षा बौद्ध गोन्पा तथा विहारहरूमा नै हुने गर्दथ्यो (Sherpa, n.d.)” । गुम्बा भन्नाले बुद्ध धर्म शिक्षा पठनपाठन, ध्यान साधना र पूजा गर्ने बुद्ध धर्म सम्बन्धि धार्मिक आश्रमलाई सम्झनु पर्दछ (नेपाल सरकार,२०७१) ।

मुस्ताङ् जिल्लाको ग्यागर गुम्बा तिब्बतको साम्ये गुम्बा निर्माण हुनु अगावै बनेको गुरु पद्मसंभवले बनाएको स्थानीय बासीको विश्वास रहेको छ । यसैलाई नेपालको हिमाली क्षेत्रमा बनेको पहिलो गुम्बाको मानिन्छ । हुम्लाको लिमि हल्जी गाउँमा रिन्छोलिङ्ग गुम्बा सन् ९५८-१०५५ मा स्थापना भएको मानिएको छ । डोल्पाको हिसाल गाउँमा थुपा गुम्बा, सिन्धुपाल्चोकको तार्केग्याङ् गुम्बा, सोलुखुम्वुको पाङ्बोचे गुम्बा १६ औं शताब्दिमा निर्माण भएका हुन् (Sherpa, n.d.) ।

राणा कालमा थेरवादि बुद्धमत काठमाण्डौंमा पुनउत्थान भएको थियो । यसका अगुवाहरू भिक्षु महाप्रज्ञा, भिक्षु आनन्द थिए (घिमिरे,२०७९ वि.स.) । भिक्षु अमृतानन्दले सन् १९४८ मा स्वयंभुमा स्थापना गरेको आनन्दकुटी विहार पहिलो थेरवादी विहार हो । उनै भिक्षुले सन् १९५१ मा अखिल भिक्षु संघको स्थापना गरेका थिए । (घिमिरे, २०७९ वि.सं.) । नेपालमा परियत्ति शिक्षाको शुरूवात वि.सं. २०१९ मा भएको थियो । परियत्ति शिक्षा भनेको त्रिपिटकभित्र रहेका सुत्त पिटक, विनय पिटक र अभिधम्म पिटकको अध्ययन गर्नुलाई भनिन्छ । परियत्ति शिक्षाको स्थापना गर्न भिक्षु वृद्धघोष, अनागरिका शुशीला, धर्मरत्न शाक्यले महत्त्वपूर्ण भूमिका निभाएका थिए ।

वि.सं. १९९३ मा भोजपुरको टक्सार बजारमा थेरवादी शाक्यमुनी विहार स्थापना भयो । यही विहारमा भिक्षु अमृतानन्द र भिक्षु महाप्रज्ञा बसेका थिए । भोजपुरको साल्पासिलिछो गा.वि.स. खाटम्मामा टासी छोलिङ् गुम्बा वि.सं. १९५५, साङ्दाक छयोलिङ्ग गुम्बा दोभाने वि.सं., १९९५, साङ्गे गुम्बा भोजपुर बजार वि.सं. २००३, र्याङ्ग गुम्बा वि.सं २००६, भोजपुरका पुराना गुम्बा मध्येका हुन् । षडानन्द नगरपालिकामा पेमा छयोलिङ्ग गुम्बा किमालुङ् २०१० वि.सं, पेम्वा गुम्बा किमालुङ् २०१० वि.सं., कुशुम गुम्बा किमालुङ् १०१३ वि.सं., कुन्सालिङ्ग गुम्बा साङ्पाङ्ग २०१३ वि.सं., साम्तेलिङ्ग गुम्बा साङ्पाङ् २०३१ वि.सं., देक्षेन रिसङ्कु गुम्बा साङ्गपाङ् २०३६ वि.सं., नाम्दोल छयोलिङ्ग गुम्बा मुलपानी २०४० वि.सं., पासाङ् गुम्बा खार्तम्छा २०४१ वि.सं., देक्ष्येन गुम्बा किमालुङ् २०४३ वि.सं. रहेका छन् (ढकाल, वि.सं. २०७८) । यस बाहेक हाल आएर गुम्बा निर्माण, पुन निर्माण कार्यमा तिव्रता आएको छ ।

षडानन्द नगरपालिकामा कूल जनसंख्या ३४,३४० रहेको छ । जस मध्ये ५८.५१ हिन्दु, २२.४४ बौद्ध, १७.५१ किराँत १.४१, इसाई १.४२ र ०.११ प्रतिशत अन्य धर्मलम्वीहरू रहेका छन् (षडानन्द नगरपालिका बस्तुस्थिति, २०७८) । नगरपालिकामा बौद्ध धर्मालम्वी परिवारको मुख्य बसोबास वडा नं. २ मा ४७६ घरधुरी मध्ये ७४, वडा नं. ३ मा ३३८ मध्ये ८३, वडा नं. ४ मा ४३२ मध्ये ११०, वडा नं. ५ मा ४८५ मध्ये ११, वडा न. ६ मा ४९८ मध्ये ७, वडा नं. ७ मा

४२८ मध्ये ७४, वडा नं. ८ मा ५५३ मध्ये २२६, वडा नं. ९ मा ३४५ मध्ये २५२, वडा नं.१० मा ६९६ मध्ये ३३२, ११ मा ५७७ मध्ये ५३, वडा नं. १२ मा ५७८ मध्ये ७०, वडा न. १३ मा ३८१ मध्ये २३९ वडा नं. १४ मा ३८२ मध्ये ४४ घर धुरी रहेका छन् (षडानन्द नगरपालिका बस्तुस्थिति, २०७८)। नगरपालिका बस्तुस्थिति विवरणमा उल्लेख भएका शिक्षा प्रदायक संस्थाहरूको विवरण अनुसार नगरक्षेत्रमा ७१ सामुदायिक विद्यालय, ६ संस्थागत विद्यालय,१ गुरुकुल र १ सामुदायिक क्याम्पस रहेका छन् । तर उक्त वस्तु स्थिति विवरणमा बौद्ध शिक्षा प्रदायक गुम्बाहरूको विवरण भने समेटिएको छैन। नगरपालिकामा दोस्रो ठूलो धर्मको रूपमा रहेको बौद्ध शिक्षा प्रदायक संस्थाहरू बौद्ध गुम्बाहरूको वर्तमान अवस्था के कस्तो रहेको छ ? हालसम्म कतै उल्लेख भएको पाइएन। यस नगरपालिकामा बौद्ध धर्मालम्वी परिवारमा विशेष गरेर तामाङ् र शेर्पा जातिहरू रहेका छन्। हालसालै आएर गुरुङ र मगर जातिहरूले पनि बौद्ध धर्म अपनाउन थालेका छन्। नगरपालिकाको वडा नं. ८,९,१० र १३ मा बौद्धधर्मालम्विहरूको वाहुल्यता रहेको छ।

## समस्या कथन

भोजपुर जिल्लामा के कति गुम्बाहरू रहेका छन् ? तीनको व्यवस्थित अभिलेख पाउन सकिएन । षडानन्द नगरपालिकामा हाल १४ ओटा गुम्बाहरू रहेका छन्। बौद्ध गुम्बाहरूमा परम्परागत अनौपचारिक ढङ्गले बौद्ध शिक्षा प्रदान गरिदै आएको छ। बाइस प्रतिशत बौद्ध धर्मालम्वीहरूको बसोबास भएको नगरपालिका भएता पनि हालसम्म नगरपालिकामा बौद्ध शिक्षा प्रदायक गुम्बाहरूको के कस्तो अवस्था रहेको छ ? व्यवस्थित अध्ययन भएको पाइन्दैन। परम्परागत रूपमा बौद्ध गुम्बाहरूले प्रदान गर्दै आएको बौद्ध शिक्षाको अबस्था कस्तो रहेको छ ? पाठ्यक्रम कस्तो छ ? कसरी व्यवस्थित रहेको छ ? हाल सरकारी तवरबाट के कस्ता सहयोग उपलब्ध हुदै आएका छन् ? बौद्ध गुम्बाहरूको भौतिक अवस्था के कस्तो रहेको छ ? ती गुम्बाहरू के कति ऐतिहासिक रहेका छन् ? तिनको पूरातात्त्विक अवस्था र महत्त्व के कस्तो रहेको छ ? गुम्बाहरूको स्वामित्व कस्तो र कसको रहेको छ ? पहिचान भएको छैन ? यी कुराहरूको पहिचान गरी अभिलेखीकरण भएको छैन ? नेपाल सरकारले गुरुकूल, बौद्ध गुम्बा र मदरशा शिक्षालाई मुलप्रभाहीकरण गर्ने नीति लिएको छ। सो नीति अनुसार यस नगरपालिकामा संचालित परम्परागत बौद्ध शिक्षा मुल प्रवाहीकरणमा समाहित भएको छ/ छैन ? जस्ता विषयहरूको विमर्श गर्नु यस लेखमा मुख्य समस्याको रूपमा लिएको छ।

## अध्ययनका उद्देश्यहरू

यस अध्ययनका मुख्य उद्देशहरू षडानन्द नगरपालिकामा रहेका बौद्ध गुम्बाहरूको अभिलेखीकरण गर्नु र गुम्बाहरूको वर्तमान अवस्था पहिचान गर्नु रहेको छ।

## अध्ययन विधि

गुम्बाहरूले प्रदान गर्दै आएको शिक्षा र गुम्बाहरूको अवस्था पहिचान गर्नका लागि स्थलगत सर्वेक्षण विधि अपनाइएको थियो। तथ्याङ्क संकलनका लागि खुलाबन्द प्रश्नावली तयार गरी सम्वन्धित गुम्बाका पदाधिकारीहरूबाट भराइएको थियो। भेटघाट, छलफल, स्थलगत अवलोकन, टेलिफोनबाट सोध्ने कुराकानी गर्ने समेत गरियो। अनुसन्धानको गुणात्मक ढाँचा अपनाइएको थियो। षडानन्द नगरपालिकामा स्थापना भएका १४ मध्ये १३ ओटा गुम्बाका पदाधिकारीहरू १/१ जना लामा गुरु तथा गुम्बा पदाधिकारीहरू, व्यवस्थापन पक्षमा संलग्न व्यक्तिहरू अध्ययनको

जनसंख्या थिए। सबै गुम्बाहरूमा एक पटक स्थलगत भ्रमण गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ । स्थलगत सर्वेक्षणमा सोधिएका प्रश्नहरू अनुसूची एकमा संलग्न गरिएको छ।

**महत्त्व**

षडानन्द नरपालिकामा बौद्ध शिक्षाको नीति निर्माणमा यो अध्ययन केही हदसम्म उपयोगि हुने छ । षडानन्द नगरपालिकामा रहेका बौद्ध गुम्बाहरूको वर्तमान अवस्थाको जानकारी चाहनेहरूलाई यसले सोको जानकारी प्रदान गर्ने छ।

**अध्ययनको सीमा**

यो अध्ययको क्षेत्र षडानन्द नगरपालिकाको बौद्ध धर्मालम्वीहरू बसोबास रहेका मुख्य क्षेत्रहरूमा सिमीत रहेको थियो। एक नगरपालिका क्षेत्रको अध्ययन भएकोले यसको निष्कर्षलाई जिल्ला वा राष्ट्रिय स्तरमा समान्यीकरण गर्नु सान्दर्भिक हुदैन।

## नतिजा र छलफल

नगरपालिकाभित्र रहेका १४ ओटा गुम्बा मध्ये १३ ओटा गुम्बामात्र समेटिएको छ। देक्षेन गुम्बा षडानन्द नगरपालिका ८ किमालुङ्, सगरमाथा रिञ्जिन छोइलिङ् गुम्बा षडानन्द नगरपालिका ८ फूर्केथाला र देक्षेन छोइलिङ् गुम्बा षडानन्द नगरपालिका वडा नं.९ तीनसाँजे पुनः निर्माणाधिन अवस्थामा रहेका छन्। नगरपालिका क्षेत्रमा रहेका गुम्बाहरूको विवरण तालिकामा देखाइएको छ।

**तालिका १**

*षडानन्द नगरपालिका क्षेत्रमा रहेका गुम्बाहरूको विवरण*

| क्र.सं. | गुम्बाको नाम | ठेगाना | स्थापना | दर्ता मिति | प्रमुख लामाको नाम |
|---|---|---|---|---|---|
| १ | छोलिङ् गुम्बा | षनपा ९ सुर्के | २०४० | २०७२ | निमछीरी शेर्पा |
| २ | उर्गेन नामडोल छोलिङ् बौद्ध गुम्बा | षनपा १० साङ्गपाङ् | २०६६ | २०६६ | शोभाधन लामा |
| ३ | रिन्छेन नोर्वु छोलिङ् गुम्बा | षनपा ८ लप्सिधारा | २०७८ | २०७८ | राम बहादुर तामाङ् |
| ४ | सगरमाथा रिक्जिन छोइलिङ् गुम्बा | षनपा ८ | २०७९ | २०७९ | कुमार तामाङ् |
| ५ | देक्षेन गुम्बा | षनपा ९ बैदारभञ्ज्याङ् | २०५२ | २०५२ | अमृत लामा |
| ६ | देक्षेन छ्योलिङ् गुम्बा | षनपा ९ तीन साँजे | २०१५ | २०७८ | छोङ्वा शेर्पा |

| क्र.सं. | गुम्बाको नाम | ठेगाना | स्थापना | दर्ता मिति | प्रमुख लामाको नाम |
|---|---|---|---|---|---|
| ७ | नम्दक देक्षेन छ्योलिङ् गुम्बा | षनपा ९ सुर्के | २०१२ | २०६२ | टेक ब. तामाङ् |
| ८ | पाल्देन गुम्बा | षनपा ९ तालखर्क | १९९० | २०५७ | पासाङ् लाक्पा शेर्पा |
| ९ | पेमा छयोलिङ् गुम्बा | षनपा ९ बैदारभञ्ज्याङ् | | | |
| १० | हिमालयन महायान देक्षेन छयोसी खोर्लो बौद्ध गुम्बा | षनपा १० पात्ले गाउँ साङ्पाङ् | २०६६ | २०६६ | सिंह बहादुर तामाङ् |
| ११ | नाम्डोल छ्योलिङ् गुम्बा | षनाप ४ फूर्केथला | २०४० | २०७२ | शुरज लामा |
| १२ | उर्गेन रिन्छेन छोलिङ् बौद्ध गुम्बा | षनपा १३ | २०५८ | २०५८ | लामा हेम कुमार तामाङ् |
| १३ | उर्गेन नाम्डोल छोइलिङ् गुम्बा | षनाप ७ | | | पासाङ तामाङ |

*स्रोतः स्थलगत सर्वेक्षण २०८१*

उक्त तालिका अनुसार गुम्बाहरूको स्थापना र दर्ता मिति फरक रहेको छ। यसले गुम्बा पहिले स्थापना भइ अनौपचारिक रूपमा संचालनमा रहेका र पछि कानुनी रूपमा दर्ता भएको देखाउँछ।

नगरपालिका क्षेत्रमा पठन पाठन हुने गुम्बाहरू ३ ओटा, रिन्छेन नोर्वु छोलिङ् गुम्बा षडानन्द नगरपालिका वडा नम्वर ८ लप्सिधारा, सगरमाथा रेक्जिछोइलिङ् गुम्बा षडानन्द नगरपालिका वडा नम्वर ८ बैदारभञ्ज्याङ, हिमालयन महायान देक्षेन छयोसी खोर्लो बौद्ध गुम्बा षडानन्द नगरपालिका वडा नम्वर १० पात्ले गाउँमा मात्र अनौपचारिक बौद्ध शिक्षा अध्ययन अध्यापन हुँदै आएको पाइयो। यो शिक्षा मुख्य गरेर कर्मकाण्ड र साँस्कृतिक कार्यका लागि नभइ नहुने विषय वस्तुमा पठनपाठन हुदै आइरहेको छ। पठनपाठन हुने मुख्य विषय वस्तुहरू ङण्डोजि, साङ्सेर्केम, सिठो, होपामे रहेका छन्। बौद्ध धर्ममा प्रवेश गर्न अगाडि पूर्व तयारी अभ्यास शिक्षा/अभ्यासलाई ङण्डोजि भनिन्छ। मृत्यु कर्म संस्कारका लागि चाहिने विषय वस्तु जसलाई सिठो भनिन्छ। अभिताव बुद्धको लोक सुखावती भवन सम्बन्धी विषय वस्तु समेटिएको ग्रन्थलाई होपामे भनिन्छ। कुनै पनि पूजापाठ गर्नु अघी स्थान शुद्धीकरणसँग सम्बन्धित विषय वस्तुलाई साङ्सेरकेम भनिन्छ । स्थानीय लामा मोहन तामाङ्का अनुसार स्थानीय लामाहरूले स्थानीय आवश्कता, आफ्नो शैक्षिक योग्यता आदिका आधारमा पठन पाठनका विषय वस्तु निर्धारण गरी सोही अनुसार गुम्बामा पठन पाठन गर्दछन्।

यस नगरपालिकाका गुम्बाहरूमा पठन पाठन हुने विषय वस्तु कर्मकाण्ड र सँस्कृति सम्बन्धी स्थानीय आवश्यकता पूरा गर्नका लागि आवश्यक आधारभूत विषय वस्तु रहेका छन्। रिन्छेन नोर्वु छोलिङ् गुम्बा षडानन्द नगरपालिका वडा नम्वर ८ लप्सिधाराका प्रमुख लामा राम बहादुर तामाङ्का अनुसार विहान अनौपचारिक रूपमा गुम्बामा

पठन पाठनका लागि केही विद्यार्थीहरू गुम्बामा आउने गरेका छन् । दिउँसो ती विद्यार्थीहरू स्थानीय विद्यालयमा औपचारिक शिक्षा ग्रहण गर्न जान्छन् । लामालाई भेटी स्वरूप महिनाको एक सय रूपौयाँ प्रति महिना वुझाउँछन् ।

नेपाल सरकारको गुम्बा, मदरसा र गुरुकुल शिक्षालाई मुल प्रावहीकरण गर्ने नीति तथा कार्यक्रम रहेको छ । बौद्ध शिक्षाका लागी कक्षा १ देखि १२ कक्षा सम्मको पाठ्यक्रम बनाइ लागु गरेको छ । गुरूकुल, गुम्बा, मदरसामा शिक्षा प्रदान गरेबापत अनुदान दिने नीति लिएको छ । तर यस्तो अवसरको उपयोग गर्न षडानन्द नगरपालिकाका गुम्बाहरू सक्षम रहेनछन् । त्यसै कारण षडानन्द नगरपालिमा गुम्बा शिक्षा मुलप्रावहीकरणमा समावेश भएको रहेनछ ।

गुम्बा भवनहरू पुनः निर्माण गर्दा आधुनिक सामग्रीहरू सिमेन्ट, रड प्रयोग भएका छन् । जसको कारणले गुम्बाहरूको पूरातात्त्विक महत्त्व लोप हुन गएको छ । एक सय वर्ष पूराना भौतिक संरचनाहरूलाई पूरातात्त्विक संरचना भन्ने गरीएको छ (प्राचीन स्मारक संरक्षण ऐन २०१३, नेपाल सरकार) । तर नगरपालिका क्षेत्रमा यस्ता पूरातात्त्विक संरचना भित्र पर्ने गुम्बाहरू पाइएन । नगरपालिका क्षेत्रमा रहेका सबै गुम्बाहरू निङ्मा सम्प्रदायका रहेका छन् ।

## सांस्कृतिक, धार्मिक गतिविधि

गुम्बाहरूमा गुम्बाको आर्थिक अवस्था र गाउँको जनघनत्व अनुसार फरक फरक गतिविधि हुने गरेको पाइयो । दशमी पूजा हरेक दशमीमा गर्ने गरेको पाइयो । पर्वविशेष कार्यक्रमहरू जस्तै बौद्ध जनन्ती मनाउने, कुनै वर्ष बुम जस्ता ग्रन्थहरूका पाठ आयोजना गर्ने, गुम्बामा सोझ्याङ् ब्रतको आयोजना गर्ने, न्युने व्रतको आयोजना गर्ने ब्रत बस्ने, गुफा बस्ने कार्यक्रमहरू आयोजना गर्ने गरेको पाइयो । गत वर्ष उर्गेन नाम्डोल छयोलिङ्ग गुम्बा षडानन्द नगरपालिका-७ ले बुम पाठको आयोजना गरेको थियो । रिन्छेन नोर्वु छोलिङ्ग गुम्बा लप्सिधारा षडानन्द ८ वि.सं. २०८१ मा तीन महिने गुफा बस्ने कार्यक्रमको आयोजना गरेको थियो । वसाईंसराइको कारणले जनधनत्व घट्दै जानु, परम्परागत बौद्ध शिक्षा प्रति युवाहरूको चासो कम भएकोले गुम्बाहरूमा नित्य पुजापाठ गर्ने लामा गुरुको अभाव खड्किदै गएको षडानन्द नगरपालिका वडा नं. ३ का वडा सदस्य तिर्थ बहादुर बस्नेतको भनाइ रहेको छ ।

## गुम्बाहरूको जग्गाको विवरण

षडानन्द नगरपालिकामा रहेका गुम्बाहरूको सबैको आफ्नै जग्गा रहेको पाइयो । गुम्बाहरूको अधिकतम जग्गा ९ रोपनी र न्युनतम चार आना जग्गा रहेको पाइयो । नगरपालिका क्षेत्रमा रहेका गुम्बाहरूको जग्गाको विवरण तालिका नं.२ मा देखाइएको छ ।

**तालिका २**

*गुम्बाहरूको जग्गाको विवरण*

| क्र.सं. | गुम्बाको नाम ठेगाना | रोपनी | आना | दाम | पैसा |
|---|---|---|---|---|---|
| १ | छोलिङ् गुम्बा | १ | १० | २ | ० |
| २ | उर्गेन नामडोल छोलिङ् बौद्ध गुम्बा | ९ | १ | ३ | ० |

| क्र.सं. | गुम्बाको नाम ठेगाना | रोपनी | आना | दाम | पैसा |
|---|---|---|---|---|---|
| ३ | रिन्छेन नोर्वु छोलिङ् गुम्बा | ५ | | | ५ |
| ४ | सगरमाथा रिक्जिन छोइलिङ् गुम्बा | ९ | | | ९ |
| ५ | देक्षेन गुम्बा | ९ | ९ | | ० |
| ६ | देक्षेन छयोलिङ् गुम्बा | ९ | | | |
| ७ | नम्दक देक्षेन छयोलिङ् गुम्बा | ३ | | | ३ |
| ८ | पाल्देन गुम्बा | २ | ४ | | ६ |
| ९ | पेमा छयोलिङ् गुम्बा | ४ | ५ | | |
| १० | हिमालयन महायान देक्षेन छयोसी खोर्लो बौद्ध गुम्बा | १ | | | ० |
| ११ | नाम्डोल छयोलिङ् गुम्बा | | ८ | | ० |
| १२ | उर्गेन रिन्छेन छोलिङ् बौद्ध गुम्बा | | ४ | | ० |
| १३ | उर्गेन नाम्डोल छोइलिङ् गुम्बा | ५ | | | |

*स्रोतः स्थलगत सर्वेक्षण २०८१*

**गुम्बाहरूको भौतिक अवस्था भवन फर्निचर**

यस लेखमा गुम्बाको पक्की भवन भन्नाले सिमेन्टको इटा वा ढुङ्गाको जोडाइको गाह्रो भएका र टिनको छाना भएका वा सिमेन्टको इटा वा ढुङ्गाले जोडीएको गाह्रो भएको छत ढलान भएका गुम्बा भवनहरूलाई पक्की भवनको प्रकार मानिएको छ। माटो ढुङ्गा वा इटाको गाह्रो भएको गुम्बा भवनहरूलाई कच्ची गुम्बा भवन भनिएको छ। यसरी नगरपालिका क्षेत्रमा रहेको गुम्बा मध्ये ९ ओटाको कच्ची, ४ ओटाको पक्की भवन रहेका छन्। ७ ओटा गुम्बाको टीनको छाना र ४ ओटाको पक्की छाना भएको पाइयो। नगरपालिका भित्र रहेका गुम्बा भवन र छानाको प्रकार तालिका ३ मा देखाइएको छ। नम्दक देक्षेन छयोलिङ्ग गुम्बाको भवन कच्चि र चर्कीएको हुनाले तत्काल पुनः निर्माण गर्नु पर्ने अवस्था देखिन्छ।

**तालिका ३**

*नगरपालिका क्षेत्रभित्र रहेका गुम्बा भवन तथा छानाको विवरण*

| क्र.सं. | गुम्बाको नाम | गुम्बा भवनको अवस्था | | छानाको प्रकार | | | |
|---|---|---|---|---|---|---|---|
| | | कच्ची | पक्की | चित्रा | फुस | टीन | कैफियत |
| १ | छोलिङ् गुम्बा | √ | | | | √ | |

| क्र.सं. | गुम्बाको नाम | गुम्बा भवनको अवस्था | | छानाको प्रकार | | | |
|---|---|---|---|---|---|---|---|
| | | कच्ची | पक्की | चित्रा | फुस | टीन | कैफियत |
| २ | उर्गेन नामडोल छोलिङ् बौद्ध गुम्बा | | | | | | |
| ३ | रिन्छेन नोर्वु छोलिङ् गुम्बा | √ | | | | | |
| ४ | सगरमाथा रिक्जिन छोइलिङ् गुम्बा | √ | | | | √ | |
| ५ | देक्षेन गुम्बा | | √ | | | | |
| ६ | देक्षेन छयोलिङ् गुम्बा | | √ | | | | |
| ७ | नम्दक देक्षेन छयोलिङ् गुम्बा | √ | | | | √ | |
| ८ | पाल्देन गुम्बा | √ | | | | √ | |
| ९ | पेमा छयोलिङ् गुम्ब | √ | | | | √ | |
| १० | हिमालयन महायान देक्षेन छ्योसी खोर्लो बौद्ध गुम्बा | √ | | | | √ | |
| ११ | नाम्डोल छयोलिङ् गुम्बा | | √ | | | √ | |
| १२ | उर्गेन रिन्छेन छोलिङ् बौद्ध गुम्बा | √ | | | | | |
| १३ | उर्गेन नाम्डोल छोइलिङ् गुम्बा | | √ | | | | |
| | **जम्मा** | ८ | ४ | | | ७ | |

*स्रोतः स्थलगत सर्वेक्षण २०८१*

**गुम्बा भवनहरूको रङ रोगनको अवस्था**

नगरपालिका क्षेत्रमा रहेका मध्ये ८ ओटा गुम्बामा रङ रोगन भएको छ भने ४ ओटामा हुन बाँकी रहेको छ । रङ रोगनको अवस्था हेर्दा ४ ओटामा पर्याप्त र ४ ओटामा अपर्याप्त देखिन्छ । नम्दक देक्षेन छयोलिङ् गुम्बाको भित्ता चर्की सकेको छ । यस गुम्बाको भित्तामा स्थानीय लामा दल बहादुर तामाङ्ले स्थानीय सामग्रीबाटै रङ तयार गरि बनाएका आकर्षक ४२ शान्त देवताहरू (भोटभाषामा कप्चुचागे) र ५८ क्रोधि देवताका चित्रहरू (भोट भाषामा कुन्तुजाङ्पोका क्रोधि अवतारहरू), गुरू रिम्पोछेका आठ लिला सहितका थाङ्का चित्रहरू रहेका छन् । यस गुम्बाका प्रमुख लामा टेक बहादुर लामाले बताए अनुसार यस प्रकारको चित्र तयार गर्नका लागि भैंसीको छालालाई गालेर झोल बनाइन्छ । उक्त झोलमा लिउन लगाउने माटो मुछेर लिउन लगाइ चित्र बनाउनका लागि भित्ता तयार गरिन्छ । यसरी चिल्लो, नफुट्ने, नचर्कने र फूटेर नझर्ने भित्ताको सतह बनाइ उक्त भित्तामा थाङ्का चित्र लेखिन्छ । यस प्रकार पूराना गुम्बाहरूमा स्थानीय प्रविधी प्रयोग गरि गुम्बाका भित्तामा चित्र लेखन गर्ने परम्परा रहेको पाइयो । तर हाल आएर यस प्रकारका परम्परागत प्रविधि लोप हुने अवस्था देखिन्छ । किनभने अहिले बनेका गुम्बाहरूको भित्ता सिमेन्ट प्लास्टर भएको

छ। स्थानीय लामाहरूमा यस प्रकारका सीप लोप हुँदै गएको छ। केही गुम्बाहरूका भित्तामा फ्लेक्समा प्रिन्ट गरिएका चित्रहरू समेत राखिएका छन्। यस प्ररकारको भित्तामा लिउन लगाउने (प्लास्टर गर्ने) स्थानीय प्रविधिको संरक्षण गर्नु पर्ने, अभिलेखीकरण हुनुपर्ने देखिन्छ। मौलिकरूपमा बनाइएका नम्दक छोलिङ् गुम्बाको भित्तामा लेखिएका केही चित्रहरू (च्याप्चुचागे, कुन्तुजाङ्पोका क्रोधि ५८ अवातारहरू, गुरू रिम्पोछे सहितका ८ लिलाहरूका थाङ्का चित्रको नमुना अनुसूची दुईमा संलग्न गरिएको छ।

गुम्बा भवनहरूमा घेरावाराको अभाव रहेको देखिन्छ। स्थलगत सर्वेक्षणको समयमा हिमालयन महायान देक्षेन छयोसी खोर्लो बौद्ध गुम्बाको क्षेत्र तार जालिले घेरावारा भएको र बाँकी सबै गुम्बाहरूको घेराबारा हुन बाँकी रहेको देखियो।

### खानेपानी, शौचालयको अवस्था

अध्ययनमा समेटिएका १३ मध्ये पाल्डेन गुम्बा र पेमा छयोलिङ् गुम्बामा मात्र पाइपको धारा रहेको र अन्यमा खानेपानीको अभाव रहेको देखिन्छ। १३ मध्ये १२ गुम्बामा कच्ची शौचालय रहेको छ। बाँकी रहेको एउटामा शौचालय छैन। भएका शौचालयहरू पनि उपयुक्त र पर्याप्त देखिन्दैनन्।

गुम्बामा केही न केही स्थानीय काठबाट बनेका फर्निचरहरू, प्लास्टीकका कुर्षीहरू रहेका छन्। मुख्य लामा तथा अन्य सहायक लाम बस्ने कुर्षीहरू (ठिही) सबै गुम्बामा रहेका छन्न्। तर ती पर्याप्त र उपयुक्त रहेका छैनन्।

### गुम्बा संचालक समितिको विवरण

गुम्बा संचालक समितिको विवरण तालिका ४ मा प्रस्तुत गरिएको छः

**तालिका ४**

*गुम्बा संचालक समितिको विवरण*

| क्र.स. | नाम | समिति संरचना | | | महिला प्रतिशत | समिति समय अवधी |
|---|---|---|---|---|---|---|
| | | जम्मा | महिला | पुरूष | | |
| १ | छोलिङ् गुम्बा | ११ | ५ | ६ | ४५.४५ | ३ |
| २ | उर्गेन नामडोल छोलिङ् बौद्ध गुम्बा | ९ | ४ | ५ | ३६.३६ | ३ |
| ३ | रिन्छेन नोर्वु छोलिङ् गुम्बा | १३ | ४ | ९ | ३६.३६ | ३ |
| ४ | सगरमाथा रिक्जिन छोइलिङ् गुम्बा | ९ | ३ | ६ | २७.२७ | २ |
| ५ | देक्षेन गुम्बा | ९ | ४ | ५ | ३६.३६ | ३ |
| ६ | देक्षेन छयोलिङ् गुम्बा | ११ | ४ | ७ | ३६.३६ | ३ |
| ७ | नम्दक देक्षेन छयोलिङ् गुम्बा | ११ | ५ | ६ | ४५.४५ | ३ |

| क्र.स. | नाम | समिति संरचना | | | महिला प्रतिशत | समिति समय अवधी |
|---|---|---|---|---|---|---|
| | | जम्मा | महिला | पुरूष | | |
| ८ | पाल्देन गुम्बा | ७ | १ | ६ | ९.०९ | ३ |
| ९ | पेमा छयोलिङ् गुम्बा | ७ | ३ | ४ | २७.२७ | ३ |
| १० | हिमालयन महायान देक्षेन छयोसी खोर्लो बौद्ध गुम्बा | ११ | ४ | ७ | ३६.३६ | ३ |
| ११ | नाम्डोल छयोलिङ् गुम्बा | ९ | ३ | ६ | २७.२७ | ३ |
| १२ | उर्गेन रिन्छेन छोलिङ् बौद्ध गुम्बा | ११ | ४ | ७ | ३६.३६ | ३ |
| १३ | उर्गेन नाम्डोल छयोलिङ गुम्बा | ११ | ४ | ७ | ३६.३६ | ३ |

*स्रोतः स्थलगत सर्वेक्षण २०८१*

गुम्बा संचालक समितिमा महिलाहरूको उपस्थिति न्युनतम ९ प्रतिशत देखि अधिकतम ४५ प्रतिशत सम्म रहेको छ। गुम्बा संचालक समितिमा महिलाहरूको संख्या किन कम देखिएको हो ? गुम्बा संचालक समितिमा महिला संख्या बढाउन के उपाय गर्नु पर्दछ भनि सोधिएको प्रश्नको उत्तरमा स्थानीय लामा, मूर्तिकार तथा पत्रकार मोहन तामाङ्गका अनुसार, "पहाडि क्षेत्रहरूमा आनी गुम्बाहरू कम हुनु, गुम्बामा वौद्ध शिक्षा अध्ययन गर्ने प्राय पुरुषहरू नै हुनु, घरायसी कामको वोझ, पुरुषको तुलनामा महिलाहरू कम गुम्बा जानु, महिलाहरू रजस्वाला भएको वेलामा गुम्बामा जानु हुदैन भन्ने मान्यता रहनु जस्ता कारणहरू रहेका छन्।" बौद्ध शिक्षा नियममा रजस्वाला भएको अवस्थाम गुम्बा जानु हुन्न भन्ने नियम नभए पनि स्थानीय परम्परागत मान्नयताका कारण महिलाहरू रजस्वाल भएको अवस्थामा गुम्बामा जाने चलन छैन। गुम्बा व्यवस्थापनमा महिला सहभागिता बढाउन आनी गुम्बाहरूको स्थापना हुन पर्ने, बौद्ध शिक्षाप्रति महिला जागरण बढाउनु पर्ने जस्ता कुराहरूमा बढोत्तरी गरेमा गुम्बा संचालक समितिमा महिला सहभागित बढ्ने भनाइ मोहन तामाङ्को रहेको छ। समितिको समय अविध सामान्यतय ३ वर्षको रहने पाइएको छ। गुम्बा संचालक समितिमा ७ देखि १३ जनासम्म रहने गरेको पाइयो।

**देव प्रतिमा विवरण**

नगरपालिका क्षेत्रका गुम्बाहरूमा २ देखि १२ ओटासम्म देव प्रतिमाहरू रहेका पाइयो। मुख्य प्रतिमाहरूमा गुरु पद्मसंभव (गुरु रिम्पोछे), अवलोकितेश्वर (चेरेञ्जि) र बुद्ध (साङ्गे/होपामे रातो बुद्ध वा अमिताव बुद्ध) प्रतिमाहरू (जसलाई बुद्ध दर्शनमा त्रिरत्न पनि भनिन्छ) रहेका छन्। प्रत्येक गुम्बामा त्रिरत्नका प्रतिमाहरू अनिवार्य मानिन्छन्। केही गुम्बाहरूमा त्रिरत्न बाहेकका अन्य  देव प्रतिमाहरू पनि रहेका छन्। त्रिरत्न बाहेकका अन्य देव प्रतिमाहरूमा मैत्रेय बुद्ध, चुसिस्याल, छयानदोर्जे (बज्रपाणी), मञ्जुश्री (ज्याम्याङ्), कुन्तुजाङ्पा, सारिपुत्र, मौद्गल्यान, दोर्जेश्याम्पा, साङ्गे च्योम्देन्ते (पहेलो रङका बुद्ध) जस्ता प्रतिमाहरू रहेका छन्। कुन गुम्बामा के, कति प्रतिमाहरू राख्ने भन्ने

कुरा गुम्बाको आर्थिक अवस्था र व्यवस्थापनमा पनि भर पर्ने रहेछ । अवालोकनका क्रममा राम्रो आर्थिक अवस्था र व्यवस्थापन राम्रो हुँदै गएका गुम्बाहरूमा प्रतिमा संख्या धेरै देखियो ।

गुम्बामा रहेका ग्रन्थ विवरण तालिका ५ मा प्रस्तुत गरिएको छः

**तालिका ५**

*गुम्बामा रहेका ग्रन्थ विवरण*

| गुम्बाको नाम | | ग्रन्थ विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ठेगाना | धोमाङ | नाम्खाङग्ल्पो | साङसेर्केम | बुम | सिठो | होपामे | कुन्जालामि सेलिलुङ् | काङ्गुर | छोई | डुवा कुण्डुल | ह्युम | जम्मा |
| छोलिङ् गुम्बा | षनपा ९ सुर्के | ५ | १ | १ | १ | | | | | | | ८ | १६ |
| उर्गेन नामडोल छोलिङ् बौद्ध गुम्बा | षनपा १० | १ | | | | | १ | १ | | | | ३ | ६ |
| रिन्छेन नोर्वु छोलिङ् गुम्बा | षनपा ८ | | | | १६ | | | १ | १०८ | | | १२५ | २५० |
| सगरमाथा रिक्जिन छोइलिङ् गुम्बा | षनपा ८ | | | | | | | | १०८ | १ | | १०९ | २१८ |
| देक्षेन गुम्बा | षनपा ९ | | | | १ | १ | | | | | १ | ३ | ६ |
| देक्षेन छयोलिङ् गुम्बा | षनपा ९ | | | | | | | | | | | | ० |
| नम्दक देक्षेन छयोलिङ् गुम्बा | षनपा ९ | २ | | १ | | | | | | | | ३ | ६ |
| पाल्देन गुम्बा | षनपा ९ | १ | | | १६ | | | | १०८ | | | १२५ | २५० |
| पेमा छयोलिङ् गुम्बा | षनपा ९ | | | | १६ | | | | | | | १६ | ३२ |
| हिमालयन महायान देक्षेन छयोसी खोर्लो बौद्ध गुम्बा | षनपा १० | | | | १ | १ | | | १०८ | | १ | १११ | २२२ |
| नाम्डोल छयोलिङ् गुम्बा | षनाप ४ | | | | | | | | | | | | ० |

| गुम्बाको नाम | | ग्रन्थ विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ठेगाना | धोमाङ | नाम्खाइग्याल्पो | साङसेर्केम | बुम | सिठो | होपामे | कुन्जालामि सेलिलुङ | काङ्ग्युर | छोई | डुवा कुण्डल | ह्युम | जम्मा |
| उर्गेन रिन्छेन छोलिङ् बौद्ध गुम्बा | षनपा १३ | १ | | | | | | | १०८ | | | १०९ | २१८ |
| उर्गेन नामडोल छोलिङ् | षनपा ६ | | | | १६ | | | | | | | | १६ |
| | जम्मा | १० | १ | २ | ६७ | २ | १ | २ | ५४० | १ | २ | ६२८ | १२४० |

स्रोतः स्थलगत सर्वेक्षण २०८१

गुम्बाहरूमा धोमाङ् १० थान, नाम्खाइग्याल्पो १ थान, साङ्सेर्केम २ थान, वुम ६७ थान, सिठो २ थान, होपामे १ थान, काङ्ग्युर ६२८ थान, छोइ १ थान, डुवाकुण्डल २ थान रहेका छन्।

**काङ्गुरः** बौद्ध धर्मको सबैभन्दा मुख्य ग्रन्थ हो। यसलाई तिब्बती भाषा (भोट भाषामा) काङ्गुर भनिन्छ। यसमा १०८ ठेली ग्रन्थ रहेका छन्। "कङ्ग्युर महायानी र वज्रयानी तन्त्रहरू समावेश गरिएको सङ्ग्रह हो। यस ग्रन्थमा जम्मा नौ भाग छन् भने नौ भागमा पनि १०८ ग्रन्थ समावेश गरिएका छन् (बज्राचार्य, मुनिन्द्र रत्नः २०८०)।"

**धोमाङः** यो ग्रन्थ काङ्ग्युरको १०० ठेली मध्येको एक ठेली हो। यसका लेखक आचार्य तारानाथ हुन्। यस ग्रन्थलाई धारणी सुत्र पनि भनिन्छ। तिब्बती भाषामा सुङ्दुइ भनिन्छ। अहिले यस ग्रन्थको नेपाली अनुवाद भोट भाषाबाट नेपाली भाषामा उपाध्याय (खेन्पो) बागिन्द्रशीलले गरेका छन्। बौद्धधर्म लम्वीहरूले घरघरमा वर्षमा एकपटक पाठ गर्न सकेमा मंगल हुने विश्वास रहेको छ NB TV, www.youtube.com/watch?v=wFe8jERpsYw।

**बुमः** जसलाई नेपाली भाषामा प्रज्ञापारमिता भनिन्छ भने तिब्बती भाषामा वुम भनिन्छ। यो ग्रन्थमा १ लाख श्लोक छन्। अहिले संस्कृत भाषामा २१ ओटा प्रज्ञापारमिता ग्रन्थ उपलब्ध छन्। नेपालको विक्रमशील महाविहारमा १ लाख श्लोकको भएको सुनको मसिले लेखिएको प्रज्ञापारमिता ग्रन्थ उपलब्ध छ। सोही ग्रन्थको मध्यम स्वरूपलाई पञ्चविंशती प्रज्ञापारमिता भनिन्छ। यस ग्रन्थको ८ हजार श्लोक भएको ग्रन्थलाई अष्ट सहस्रिका तिब्बती भाषामा ग्यातुङ्पा पनि भनिन्छ (पराजुली, पुन्य प्रसाद, वोधि टेलीभिजन)।

**नाम्खाइग्याल्पोः** यो ग्रन्थ बोधिसत्त्वको नाममा गरिने पाठपूजा गर्ने ग्रन्थ हो।

**साङ्सेर्केमः** शुद्धीकरण पाठ कुनै पनि कार्य थाल्नु भन्द अगाडि पढिने पाठ ग्रन्थ हो।

**सिठोः** वयालिस शान्त देवताहरू (कुन्तुजाङ्पो) र अन्ठाउन्न क्रोधी देवताहरूको पाठ गर्ने ग्रन्थ हो।

**होपामेः** अमिताव बुद्ध (रातो वर्णका बुद्ध साङ्गे होपामे तिब्बती भाषामा) को बन्दना गर्ने ग्रन्थ हो।

**आर्थिक अवस्था**

गुम्बाहरूको नियमित आम्दानीको स्रोत केही देखिएन । कुनैमा पनि अक्षयकोष, गुठी आदिको प्रवन्ध गरिएको देखिएन । भवन तथा भौतिक निर्माणका लागि स्थानीय पालिका, प्रदेश र केन्द्र सरकारको पटके अनुदान भने पाउँदै आएको देखिन्छ । गुम्बाको मुख्य आम्दानी भनेको स्थानीयले चढाउने दान तथा भेटी रहेको छ । सोहीबाट गुम्बाको दैनिक पूजापाठ हुने गरेको पाइयो । सबै गुम्बाहरूले नियमित रूपमा लेखापरीक्षण तथा नवीकरण गर्दै आएका रहेछन् । गुम्बामा बाजागाजाहरू रहेको पाइयो ।

## निष्कर्ष

षडानन्द नगरपालिका क्षेत्रमा रहेका सबै गुम्बाहरू निङ्मा सम्प्रदायका रहेका छन् । सबै गुम्बाहरूको आफ्नै भवन र जग्गा रहेको छ । गुम्बाको अधिकतम जग्गा ४ आना देखि ९ रोपनी सम्म रहेको छ । तीन ओटा गुम्बामा पठनपाठन हुने भएता पनि सो पठनपाठन अनौपचारिक मात्र रहेको छ । यसलाई मूल प्रवाहीकरणमा जोडिएको छैन । आठओटा गुम्बाको भवन कच्ची, ५ ओटाको पक्की र ३ ओटा निर्माणाधिन रहेका छन् । गुम्बाको भित्तामा चित्र लेखन कार्य तथा रङरोगन आंशिक रूपमा सम्पन्न भएको छ । १३ ओटा गुम्बा मध्ये २ ओटा गुम्बामा मात्र घेरावारा भएको छ । खानेपानी शौचालयको अभाव रहेको छ । गुम्बामा रहेका फर्निचरहरू उपयुक्त र पर्याप्त रहेका छैनन् । हाल गुम्बा संचालक समितिमा ७ देखि १३ जनासम्म रहेको र समितिको कार्य अवधि ३ वर्ष हुने र समितिमा ७ देखि ४५ प्रतिशतसम्म महिला सहभागिता देखिन्छ । दोमाङ् १० थान, नमखैगेल १ थान, साङ्सेर्गेम २ थान, वुम ५१ थान, सिठो २ थान, होपामे १ थान, काङ्ग्युर ६२८ थान, छोइ १ थान, डुवाकुण्डल २ थान जस्ता बौद्ध दर्शन तथा कर्मकाण्डका पुस्तक रहेका छन् । गुम्बाहरूमा मुख्य गरेर त्रिरत्न पद्मसंभव, अवलोकितेश्वर, र बुद्ध प्रतिमाहरू रहेका छन् । गुम्बाहरूमा नियमित आम्दानि स्रोतको अभाव रहेको पाइयो । स्थानीयको दान, दातव्य नै गुम्बाको आम्दनीको स्रोत रहेको रहेछ । दिगो व्यवस्थापनका लागि गुठी वा अक्षय कोषहरूको व्यवस्था भएको पाइएन ।

## सन्दर्भ सामग्री सूची

घिमिरे, चन्द्रकला. (२०७९ वि.सं.). नेपालमा बुद्ध धर्मको इतिहास (पाहरू. १४२-४३). भुँडीपुराण प्रकाशन.

Sherpa, Nurbu. (मिति उल्लेख नभएको). https://nepalbuddhistnews.com/2020/12/1347. बाट ल्याएको

घिमिरे, चन्द्रकला. (२०७९ वि.स.). नेपालमा बुद्ध धर्मको इतिहास. भुँडीपुराण प्रकाशन.

नेपाल सरकार. (२०७१ वि.सं.). बौद्ध दर्शन तथा गुम्बा सञ्चालन निमावली २०७१. बौद्ध दर्शन प्रवर्द्धन समिति.

नेपाल सरकार.(२०१३ वि.सं.) प्राचीन स्मारक संरक्षण ऐन, २०१३

ढकाल, विप्लव. (वि.सं. २०७८). *भोजपुरको बाङ्मय विमर्श तथा अभिलेखीकरण ।* भोजपुरे सेवा समाज.

बज्राचार्य, मुनिन्द्ररत्न. https://gorkhapatraonline.com/authors/garakhapatara-analina गोरखापत्र अनलाइन ११ साउन २०८०, बिहिबार

षडानन्द नगरपालिका, षडानन्द. (२०७८). *षडानन्द नगरपालिका बस्तुस्थिति ।* षडानन्द नगरपालिका.

NB TV https://www.youtube.com/watch?v=wFe8jERpsYw

Bodhi Television https://www.youtube.com/watch?v=6SPksmhhfP8

## अनुसूची १

### स्थलगत सर्वेक्षण प्रश्नावली
### षडानन्द नगरपालिकामा बौद्ध गुम्बाहरूको वर्तमान अवस्था

प्रमुख लामाको नामः ..........................................................................................................

शैक्षिक योग्यता : ......................... सम्पर्क नं.: ............................. इमेल: ..........................................

गुम्बाको नाम: ............................................................... ठेगाना: ..................................................

स्थापना मिति: ........................... दर्ता मिति: .................... दर्ता गर्ने निकाय: ........................................

१.१ दर्ता नविकरण नियमित भएको /नभएको गुम्बाको

१.२ सम्प्रदायः ञिङ्मा /काग्यु/साक्य/गेलुग/बोन/अन्य

१.३ नियमित रूपमा लेखापरीक्षण भएको/नभएको नभएको भए नहुनुका कुनै तीन कारण दिनुहोस्

१ .........................................२ .........................................३ .........................................

२. गुम्बाको प्रकारः धार्मिक पूजापाठमात्र संचालन गर्ने/शैक्षिक क्रियाकलाप संचालन गर्ने/ दुवै

३.१. गुम्बाको भौतिक विवरण गुम्बाको आफ्नै स्वामित्वमा जग्गा छ/छैन? छ भने कति छ ? रो..........आ............. दाम.......पैसा

३.२ गुम्बा भवनको रङरोगनको भएको/नभएको भएको भए बौद्ध परम्परा अनुसार पर्याप्त/अपर्याप्त, बौद्ध परम्परा अनुसार भित्ता पेन्टीङ् भएको/नभएको

३.३ गुम्बा भवनको अवस्थाः कच्ची/पक्की,

३.४ छानाको प्रकारः चित्रा/फुस/टीन/पक्की

३.५ हाता धेरावाराः छ/छैन ? छ भने बाँस/काठ कच्ची पर्खाल/तारजाली/पक्की पर्खाल,

३.६ खानेपानीः भएको/नभएको भएको भए पर्याप्त/अपर्याप्त, खानेपानीको स्रोत कुवा/मुल/प्राकृतिक धारा/पाइप,

३.७ शौचालयः छ/छैन? छ भने कच्ची/पक्की/फ्लस भएको,

३.८ फर्निचरः पर्याप्त भएको/नभएको फर्निचर विवरणः.....................................................................

४. भिक्षु/भिक्षुणी आवास छ/छैन ? छ भने कतिकोठाको........कच्ची/पक्की, कति जनासम्म बस्न मिल्ने..........

५. गुम्बा व्यवस्थापन समितिः कार्यकारी समिति जम्मा.............. महिला........ पुरुष........ साधारण सदस्यता जम्मा...........महिला ................पुरुष............ कार्यकाल............बर्ष निर्वाचन मिति.................

७.१ दैनिक पूजापाठः हुने गरेको/नगरेको पूजापाठका लागि आवश्यक पूजाका औजारहरू डमरु/बाजागाजा आदि भएको/नभएको

७.२ मुख्य प्रतिमाहरू के के रहेका छन् ?..........................................................................................

७.३ सहायक प्रतिमाहरू के के रहेका छन् ?......................................................................................

८.१ गुम्बामा पठन पाठन हुने भएमा के के विषयको पठनपाठन भइ रहेको छन् विषयहरू. ..............................
..........................................पाठ्यक्रम .........................................................................................

८.२ पुस्तकको नाम.........................................................

८.३ कुन तहसम्मको .......................... छात्राछात्र कति जना छन् ? केटा ...........केटी .......... जना

८.४ पाठ्य पुस्तक पर्याप्त छन्/छैनन्? पाठ्य पुस्तकको नाम दिनुहोस ...........................................................

८.५ गुम्बामा रहेका पुस्तक तथा ग्रन्थहरूको विवरणः ...........................................................................

८.६ पुराना हस्तलिखित तथा छापा ग्रन्थहरू पनि रहेका छन् ? छैनन् ? छने भने नाम दिनुहोस्............................

८.७ पुस्तक राख्नका लागि आवश्कय फर्निचर/दराज भएको नभएको भएको भए पर्याप्त/अपर्याप्त

८.८ औपाचारिक वा अनौपचारिक कुन तह सम्मको पठनपाठन हुन्छ ? ....................... पठनपाठन पछि प्रमाणीकरणको व्यवस्था छ/छैन ? स्थानान्तरण भएक पछि कहाँ पढ्न पठाइन्छ ?

९. गुम्बा संचालका लागि कुनै सरकारी अनुदान प्राप्त हुन्छ/हुदैन ? हुन्छ भने बार्षिक कति रु. ............................

१०. विगत ३ वर्षको आम्दानी खर्चको विवरण दिनुहोस् ।

| साल | आम्दानी | खर्च | बचत |
|---|---|---|---|
| २०७८-७९ | | | |
| २०७९-८० | | | |
| २०८०-८१ | | | |

११. गुम्बा संचालको मुख्य आम्दानीको स्रोत के के हुन् ? दान दातव्य/अक्षय कोष/गुठी

अनुसूची २ नम्दक देक्षेन छ्योलिङ् गुम्बा षडानन्द नगरपालिका ९ सुर्केको भित्तामा हातैले बनाइएका थाङ्का चित्रहरूको नमुना ।



